# विदेशी बिद्यार्थीहरुको अमबड्जमन

## बिद्यार्थीहरु र अन्य उजुरी राख्नेहरुका लागि  लगातार रुपमा सोधीने प्रश्नहरु

*अमबड्जमन के हो?*

एउटा अमबड्जमन एउटा व्याक्तीहो जसले अष्ट्रेलियाको व्यावशायहरु र सरकारी संस्थानहरुसंग समस्या भएका मानिसहरुलाई सहयाता प्रदान गर्दछ। त्याहाँ फरक फरक व्यवशाय र सरकारी अंगहरुकोलागि भिन्दाभिन्दै अमबड्जमनहरु छन्।

अमबड्जमनको सेवाहरु निशुल्क:, स्वतन्त्र र भेद रहित छ – अमबड्जमनले पक्षपात गर्दैन।

यदि अमबड्जमनले एउटा व्यावशाय वा सरकारी संस्थाले गल्ती कुरा गरेको वा कसैलाई भेदभाव गरेको पत्ता लगाएमा, उसले क्षतिपूर्तीको लागि सिफारिस गर्न सक्दछ। उक्त क्षतिपूर्तीमा , उदारहणकोलागि क्षमायाचना, राम्रो जानकारी, एउटा नयाँ निर्णय, वा पैसा फिर्ता दिलाउने हुन सक्दछ।

*विदेशी विद्यार्थीहरुको अमबड्जमनले के गर्दछ?*

विदेशी विद्यार्थीहरुको अमबड्जमनले अष्ट्रेलियामा **निज**    शिक्षा र तालिममा  विदेशी विद्यार्थीहरुलाई परेको समस्याको बारेमा परेको उजुरीको छानबिन गर्दछ।

यदि तपाईलाई दर्तावाल निजी शैक्षिक प्रबन्धकहरुले गरेको निर्णय वा कदम प्रती सन्तोष नभएमा, तपाईले उनिहरुको आन्तरिक उजुरी र पुनरावेदन प्रकृयाको बारेमा सोध्नु पर्नेछ। यदि तपाईले तपाईको प्रबन्धकलाई उजुरी गर्नुभयो, तर तपाई नतिजा प्रती सन्तोषजनक नहुनुभएमा, तपाईले अमबड्जमनमा उजुरी गर्न सक्नुहुनेछ।

*यदि मैले सार्वजनिक वा सरकारी शिक्षा प्रबन्धकको बारेमा उजुरी गरेमा के हुन्छ?*

तपाईले तपाईको राज्य वा प्रदेशको अमबड्जमनमा सम्पर्क गर्नै पर्नेछ।

*विदेशी विद्यार्थीहरुको अमबड्जमनमा कसले उजुरी गर्न सक्दछ?*

अष्ट्रेलियामा रहिसकेका विदेशी विद्यार्थीहरु र आउने योजना गरेका विद्यार्थीहरुले ,  अष्ट्रेलियाको निजी शैक्षिक प्रबन्धकले लिएको कदम वा निर्णयको बारेमा अमबड्जमनमा सम्पर्क गर्न सक्दछ। विदेशी

विद्यार्थीहरुको परिवार वा साथीहरु, जो विदेशी विद्यार्थीहरुलाई निजी प्रबन्धकहरु संग परेका समस्याहरुको बारेमा सरोकार राख्नेहरुले पनि अमबड्जमनमा सम्पर्क गर्न सक्दछ। त्यसो गर्नकोलागि तपाईले उनिहरुाई स्वीकृती दिनु पर्दछ।

### *म के को बारेमा उजुरी गर्न सक्दछु?*

यदि तपाईलाई प्रबन्धकहरुले सहि तवरमा नियम पालना नगरेको वा तपाईलाई पक्षपात गरेको लागेको बारेमा तपाईले उजुरी गर्न सक्नुहुनेछ। उजुरी गर्न सक्ने पक्षहरु:

- कोर्स (विषय) मा भर्ना गर्न अश्विकार गरेमा
- शुल्क: र फिर्ताको बारेमा
- कोर्स(विषय) वा  प्रबन्धक सार्नु परेमा
- कोर्स(विषय)मा भएको प्रगती र हाजिरीको बारेमा
- भर्ना रद्द गर्ने बारेमा
- तपाईको प्रबन्धकले तय गरेको आवास वा कामको बारेमा
- शैक्षिक अभिकर्ताले गल्ती परामर्श दिएमा।

विदेशी विद्यार्थीहरुको अमबड्जमनले जो प्रबन्धकहरु संग अष्ट्रेलिया वा विदेशमा प्रतिनिधित्व गर्ने करार भएका शैक्षिक अभिकर्ताहरु छन् उनिहरुको बारेमा परेका उजुरीहरुमा छानबिन गर्न सक्दछ।

यदि प्रबन्धकले कदम लिन नसकेमा वा लिन लामो समय लगाएमा जस्तै तपाईको नतिजा सुहाउँदो समयाबधीमा उपलब्ध नगराएमा, वा तपाईको प्रबन्धक संग भएको लिखित करार बमोजिमको सेवाहरु उपलब्ध नगराएमा पनि उजुरी गर्न सक्नुहुनेछ।

### *विदेशी विद्यार्थीहरु को हुन्?*

एउटा विदेशी विद्यार्थीहरु जो अष्ट्रेलियामा विद्यार्थी भिसामा अध्ययन गरिरहेको छ।  एउटा विदेशी विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय विद्यार्थी पनि भनिन्छ।

यदि तपाई अष्ट्रेलियामा विद्यार्थी भिसामा हुनुहुन्छ, वा छिट्टै आउने योजना गर्नु भएको छ भने, तपाईलाई विद्यालय, कलेज वा अन्य दर्तावाल निजी शैक्षिक प्रबन्धकहरु संग समस्या भएमा तपाईले विदेशी विद्यार्थीहरुको अमबड्जमनमा सम्पर्क गर्न सक्नुहुनेछ।

### *एउटा शैक्षिक प्रबन्धक के हो?*

अष्ट्रेलियामा, शैक्षिक तथा तालिम दिने स्थानहरुको नाम फरक फरक छन् जसमा: विद्यालय, कलेज, एकेडेमी, ईन्स्टिच्युसन, विश्वविद्यालय, ईन्स्टिच्युट अफ टेकनिकल एण्ड फ्युचर एजुकेसन(TAFE) र

रजिष्टर्ड ट्रेनिंङ अर्गनाईजेसन (RTO) पर्दछन्। यि सबै ‘शिक्षा प्रबन्धकहरु’ हुन्।

### *निजी र सार्वजनिक शिक्षा प्रबन्धकका बिच के फरक छ?*

शिक्षा प्रबन्धक जुन निजी व्यावशायको रुपमा चलाईएकाहरुलाई ‘**निजी** शिक्षा प्रबन्धक’ भनिन्छ। सरकारी शिक्षा प्रबन्धकहरुलाई ‘**सार्वजनिक** शिक्षा प्रबन्धक’ भनिन्छ।

### *एउटा दर्तावाल शिक्षा प्रबन्धक के हो?*

सम्पूर्ण शिक्षा प्रबन्धकहरु ले विदेशी विद्यार्थीहरु लाई कोर्स मा भर्ना लिनु अगाडी अष्ट्रेलियाली सरकारको Commonwealth Register of Institutions and Courses for Overseas Students (CRICOS) मा दर्ता हुनु अनिवार्य छ। तपाईले तपाईको शिक्षा प्रबन्धक र कोर्स दर्ता भए नभएको CRICOS को वेबसाईट मा हेर्न सक्नुहुनेछ cricos.deewr.gov.au

### *के अमबड्जमनमा मेरोलागि कसैले सम्पर्क गरिदिन सक्दछ?*

सक्दछ। तपाईले तपाईकोलागि कोहि जस्तै साथी वा परिवारको सदस्यले , अमबड्जमन सम्पर्क गरिदिन सक्नुपनि हुनेछ। त्यसो गर्नकोलागि तपाईले उनिहरुाई स्वीकृती दिनु पर्दछ।

यदि विदेशी विद्यार्थीहरुको समुहको सबैको एउटै समस्या भएमा, उनिहरुले अमबड्जमनमा एकै साथ एउटै उजुरी गर्न सक्दछ।

### *के उजुरी गर्दा मैले मेरो नाम दिनु पर्दछ?*

पर्दैन। तपाईले एउटा समस्याको उजुरी तपाईको नाम र सम्पर्क विवरण नदिईकन गर्न सक्नुहुनेछ – यसलाई बेनामी उजुरी भनिन्छ।

हामी अझैपनि तपाईको उजुरीलाई हेर्ने छौं, तर हामीले तपाईलाई के भयो भनी सम्पर्क गर्न असमर्थीत हुनेछौं। र के समस्या हो त्यसमा निर्भर गर्दछ, हामीले कसलाई समस्या परेको हो त्यो थाहा नभैकन छानबिन नगर्न पनि सक्दछौं।

### *मेरो उजुरीलाई अमबड्जमनले कसरी छानबिन गर्दछ?*

जब तपाईले हामीलाई एउटा समस्याको बारेमा सम्पर्क गर्नुहुनेछ, यदि हामीले मद्दत गर्न सक्ने भए, हामी ध्यानपूर्वक नियाल्ने छौं। केही अवस्थाहरुमा, अमबड्जमनले एउटा उजुरीको छानबिन नगर्ने पनि निर्णय गर्न सक्दछ। यो हुनका कारणहरु:

- तपाईले तपाईको शिक्षा प्रबन्धकहरुलाई पहिला उजुरी नगरेको खण्डमा, वा
- तपाईलाई अन्य संस्थाहरुले अझै राम्रो संग मद्दत गरेमा।

यदि हामीले छानबिन **नगर्ने** निर्णय गरेमा, हामी तपाईलाई त्यसको कारण भन्नेछौं।

यदि हामीले तपाईको उजुरीलाई छानबिन **गरेमा**, हामी तपाईको प्रबन्धकलाई के भएको हो भन्ने बारेमा सोध्न सम्पर्क गर्नेछौं। जब हामीले हामीलाई चाहिने सबै जानकारीहरु प्राप्त गर्ने छौं, अनि हामी तपाईको शिक्षा प्रबन्धकले उनिहरुको नियम, निती र प्रकृयाहरु सहि तरिकाले पालना र तपाईलाई निश्पक्ष व्यावहार गरे नगरेको स्थापीत गर्ने छौं। हामी तपाईलाई हामीले के निर्णय लियौं र किन लियौं भन्नेछौं।

अमबड्जमनले शैक्षिक योग्यताको बारेमा निर्णय लिन सक्दैन। उदारहणको लागि, यदि तपाईको प्रबन्धकले तपाईले कोर्स प्रगती वा हाजिरी को ईकाई पुरा नगरेको निर्णय गरेमा, यसको बारेमा हामीले नयाँ निर्णय गर्न सक्दैनौं। त्यसको अलवा, हामीले तपाईको शिक्षा प्रबन्धकले उनिहरुको निर्णय लिंदा नियमको पालना राम्रो संग गरे नगरेको र तपाईलाई निश्पक्ष व्यावहार गरे नगरेको बारेमा हेर्न सक्दछौं।

**मेरो उजुरीको छानबिन गर्न कति समय लाग्नेछ?**

उजुरीको छानबिनकोलागि कति समय लाग्नेछ भन्ने कुरा फरक फरक हुनेछ। केहि समस्याहरु समाधान गर्न साधारण हुनेछ जहाँकी अन्य समस्याहरु जटिल र छानबिन गर्नकोलागि लामो समय लाग्नेछ। तपाईको उजुरीको बारेमा हामी तपाईलाई जानकारी दिईनै रहनेछौं।

***अमबड्जमनले मेरो समस्या समाधान गर्न के गर्न सक्छ?***

यदि हामीले तपाईको शिक्षा प्रबन्धकले गल्ती गरेको वा पक्षपात गरेको पत्ता लागेमा, हामी उनिहरुलाई आदेश दिन सक्नेछौं, उदारहणको लागि:

- क्षमायाचना
- निर्णयमा परिवर्तन वा पूनर्विचार
- गुणस्तरिय जानकारी उपलब्ध गराउने
- एउटा निती वा प्रकृयामा सुधार
- फिर्ता दिलाउने (रकम)
- अन्य केही कदमहरु लिने

***के मैले अमबड्जमनलाई दिएको जानकारीहरु गोप्य रहेन छ?***

समस्याको छानबिन गर्नको लागि, के भएको हो पत्ता लगाउनकोलागि साधारणतया विदेशी बिद्यार्थीहरुको अमबड्जमनले प्रबन्धकहरुलाई उजुरीको बारेमा केहि जानकारी दिन्छ। तपाईले हामीलाई उपलब्ध नगराउनको लागि उल्लेख गरेको निश्चित जानकारी बारेक यसमा तपाईको नाम र उजुरीको विवरणहरु पर्दछन्।

हामी तपाईको जानकारीलाई गोप्य र आदर पूर्वक लिनेछौं, र अष्ट्रेलियाको गोपनियता कानून बमोजिम मात्र तपाईको जानकारी संकलन, संरक्षण, प्रयोग र उल्लेख गर्नेछौं।

***के मेरो प्रबन्धकले विदेशी बिद्यार्थीहरुको अमबड्जमनलाई उजुरी गरेको कारणले अध्यागमन विभागमा जनाईदिन सक्दछ?***

सक्दैन, अमबड्जमनमा उजुरी गरेको कारणले अध्यागमन विभागमा तपाईको बारेमा रिपोर्ट गर्न सक्दैन।

***यदि मैले विदेशी बिद्यार्थीहरुको अमबड्जमनलाई उजुरी गरेमा यसले प्रबन्धकहारुलाई मेरो बारेमा अध्यागमन विभागमा रिपोर्ट गर्न बाट रोक्न सक्दछ?***

यदि तपाईले तपाईको प्रबन्धकको असन्तोषजनक कोर्स प्रगती वा हाजिरीको बारेमा उजुरी गर्नु भएमा, तपाईको बारेमा रिपोर्ट गर्नु अगाडी तपाईको प्रबन्धकले अमबड्जमनको छानबिन कार्य नसकुन्जेल पर्खनु पर्दछ।

तपाईको प्रबन्धकले तपाईको अमबड्जमनको उजुरीको छानबिन हुँदाको समयावधी भरि तपाईको भर्ना राखी राख्नु पर्दछ।

अमबड्जमनले तपाई र तपाईको प्रबन्धकलाई उजुरीको छानबिन सुरु र अन्त्य भएको जानकारी गर्नु पर्दछ। निकाशाको नतिजा के भयो त्यस अनुसार, तपाईको प्रबन्धकले तपाईलाई अझैपनि रिपोर्ट गर्नु पर्ने पनि हुन सक्दछ।

यदि तपाईले अन्य समस्याहरुको बारेमा उजुरी गर्नु भएको भए, तपाईको प्रबन्धकले तपाईको बारेमा रिपोर्ट गर्नु अगाडी अमबड्जमनको उजुरी छानबिनको निकाशा कुर्नु पर्दैन।

यदि तपाईलाई तपाईको प्रबन्धकले सम्पर्क गरिसकेको जस्तो लागेमा, तपाईले Department of Immigration and Citizenship (DIAC) लाई तपाईको भिसाको बारेमा छलफल गर्नको लागि तुरन्त सम्पर्क गर्नुहोला। सम्पर्क विवरणको लागि www.immi.gov.au मा हर्नुहोला।

यदि तपाईलाई को संग कुरा गर्ने पक्का नहुनु भएमा, जानकारीको लागि अमबङ्जमनलाई सम्पर्क गर्नुहोला।